आज मिति २०८०/०२/०२ गते खेलाल खड्का क्षेत्री समाजका अध्‍
श्री महेन्द्र खड्काको अध्यक्षतामा बुढेको खड्का समाजको नियमित बैठकमा
उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहयो ।

| हस्ताक्षर | सि.न. | नाम थर | पद | ठेगाना |
|---|---|---|---|---|
| [signature] | ०१. | श्री महेन्द्र खड्का | अध्यक्ष | |
| [signature] | ०२. | श्री शिरी बहादुर खड्का | उपाध्यक्ष | |
| [signature] | ०३. | श्री बल बहादुर खड्का | " | |
| [signature] | ०४. | लक्ष्मी जंग बहादुर खड्का | " | |
| [signature] | ०५. | श्री रुद्र बहादुर खड्का | सचिव | |
| [signature] | ०६. | श्री राम बहादुर खड्का | सह-सचिव | |
| | ०७. | श्री डिल बहादुर खड्का (रुपु) | कोषाध्यक्ष | |
| | ०८. | श्री रत्न बहादुर खड्का | सदस्य | |
| [signature] | ०९. | श्री चन्द्र बहादुर खड्का | " | |
| [signature] | १०. | श्री डिल बहादुर खड्का | " | ठोकनफाँट |
| [signature] | ११. | श्री कृष्ण बहादुर खड्का | " | बेरी |
| [signature] | १२. | श्री डिल बहादुर खड्का | " | हवल्दार घर |
| | १३. | श्री कृष्ण बहादुर खड्का (प्रेम) | " | बिमिरकोट |
| [signature] | १४. | सुबेदार श्री गणेश ब. खड्का | " | |
| [signature] | १५. | ह. श्री खिम बहादुर खड्का | " | |
| [signature] | १६. | सुबेदार श्री कृष्ण ब. खड्का | " | पात्ले |
| [signature] | १७. | श्री टीका बहादुर खड्का | " | |
| | १८. | श्री खिम बहादुर खड्का | " | |
| | १९. | श्री भुपेन्द्र बहादुर खड्का | " | |
| [signature] | २०. | श्री अनन्त बहादुर खड्का | " | |
| [signature] | २१. | श्री राम बहादुर खड्का | " | सुबेली |
| [signature] | २२. | श्री लक्ष्मण खड्का | " | |
| [signature] | २३. | श्री टोप बहादुर खड्का | " | |
| | २४. | सुबेदार श्री प्रेम ब. खड्का | " | खानीगाउँ |
| [signature] | २५. | श्री टहल बहादुर खड्का | " | |
| [signature] | २६. | श्री रामेन्द्र खड्का | कार्यालय सचिव | |
| [signature] | २७. | श्री राजु खड्का | वार्ड सदस्य (वा.न.पा | |
| | २८ | श्री तोक ब. खड्का | सल्लाहकार | |

प्रस्तावहरु

प्रस्ताव नं. १ बधाई तथा शुभ कामना

२ कल्याणकारी कोष व्यवस्थापन

३,

निर्णय नं. १ यस खड्का समाज सिंगाना / तित्याङ बागलुङ न. पा. ८/६ का सदस्य श्री अनन्त ब. खड्का र श्री राम बहादुर खड्का, ३ श्री तिल खड्का, अर्जुन खड्का श्री सिंगाना माध्यमिक विद्यालयको वि. व्य. स सदस्यमा चयन हुनु भएको साथै यस खड्का समाज सिंगाना/तित्याङका सदस्य श्री लक्ष्मण खड्का यस श्री सिंगाना माध्यमिक विद्यालयको प्र. अ. पदमा नियुक्त हुनु भएकोमा यहाँहरुलाई खड्का समाजको तर्फबाट हार्दिक बधाई तथा शुभ कामना व्यक्त गर्दै यहाँहरुको कार्यकालको उत्तर उत्तर प्रगतिको कामना साथ सफल कार्यकालको शुभ कामना व्यक्त गर्ने निर्णय भयो।

निर्णय नं. २ खड्का समाज बा. न. पा. ८/६ सिंगाना / तित्याङले समाजका सदस्यहरुको आर्थिक सामाजिक उन्नति वातावरण संरक्षण राहत उद्धार र कल्याणकारी कार्यहरु संचालनका लागि खड्का समाज बा. न. पा. ८/६ सिंगाना / तित्याङका सल्लाहकार ~~अवकाश प्राप्त~~ तथा नेपाल सरकार प्रधान मन्त्री कार्यालयका ~~अवकाश~~ बाट अवकाश प्राप्त सचिव वृद्धि बहादुर खड्का बाट तयार गर्नु भएको कल्याणकारी कोष समितिमा छलफल गरी उक्त विधानलाई समितिले प्रमाणित गरी लागु गर्ने निर्णय भयो।

निर्णय नं. ३ खड्का समाज बा. न. पा. ८/६ सिंगाना / तित्याङले निर्माण ~~भई~~ गरेको संरचनाको हिसाब गर्दा बाँकी रहेको भुक्तानी गर्नु पर्ने रकमको बारेमा आगामी बैठकमा छलफल गरी व्यवस्थापन गर्ने निर्णय भयो।

निर्णय नं. ४ यस खड्का समाज बा. न. पा. ८/६

# खुलालखड्का बन्धु कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०७८

"म हैन हामी भनौं, असल व्यक्ति, सभ्य समाज बनाऔं"

## १.पृष्ठभूमिः

हिन्दु धर्म परम्पराअनुसार विभिन्न जातजातिमा विभाजित समाजमा आफ्नो जातीय पहिचान र पूर्वजहरुले अँगालिआएका धार्मिक एवं सांस्कृतिक परम्पराहरुलाई जगेर्ना गर्दै यसलाई परिमार्जित तथा परिष्कृत गर्दै अघि बढाउने, धनञ्जय गोत्र खुलाल खड्का क्षेत्रीहरुबीच धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक एवं शैक्षिक सहयोगको आदान प्रदान गर्ने, महिला, बालबालिका, जेष्ठ नागरिक र अन्य जात जातिको सशक्तिकरण र उत्थानमा समर्पित रहने, प्राकृतिक श्रोतहरु एवं आर्थिक सामाजिक रुपले महत्वपूर्ण परम्परागत साधनहरुको संरक्षण गर्दै वातावरण संरक्षण र दीगो आर्थिक सामाजिक विकासमा संलग्न रहने लगायत परोपकारी तथा कल्याणकारी गतिविधिमा संस्थागत संलग्नता राख्ने जस्ता अवधारणा र उद्धेश्यबाट अभिप्रेरित भई वि. सं. २०४९ सालमा "खड्का समाज सिगाना, तित्याङ" को स्थापना भएको थियो । हालसम्म कुलदेवताको मन्दिर निर्माण, मन्दिर परिसर सुधार, कुलपूजाको व्यवस्थापन, वंशाबली निर्माण लगायतका केही भौतिक पूर्वाधारहरु निर्माण गरिएका छन् । त्यस्तै गरेर समाजका सदस्यहरुबीच नियमित बैठक, सदस्यहरुबीच सहयोग आदान-प्रदानजस्ता गतिविधिहरु मार्फत आपसी सद्भाव र भाइचारका विकास हुन गएको छ । समाज गठनको उद्धेश्य अनुरुप आर्थिक सहयोगको आदान-प्रदान र कल्याणकारी कार्यहरु ठोस रुपमा अघि नबढिरहेको अवस्था भएको र यस प्रकारका गतिविधिहरुको संगमबिना समाजलाई दीगो रुपमा अघि बढ्न र असल भाइचाराको भावना जगाइराख्न कठिन हुने हुँदा सोही उद्धेश्यहरु पूर्तिको लागि विधानले लिएका उद्धेश्यबमोजिम विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नको लागि प्रस्तुत "खुलालखड्का बन्धु कल्याणकारी कोष" स्थापना गर्न यो कार्यविधि बनाईएको हो ।

## २.नामः

यस कार्यविधिको नाम "खुलालखड्का बन्धु कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

## ३. परिभाषाः

(क) 'विधान' भन्नाले "श्री खुलाल खड्का क्षेत्री समाज बा.न.पा. ८/९ सिगाना, तित्याङको विधान-२०४९" लाई बुझाउनेछ ।

(ख) 'समाज' भन्नाले "श्री खुलाल खड्का क्षेत्री समाज बा.न.पा. ८/९ सिगाना, तित्याङको विधान-२०४९" बमोजिम गठित खड्का समाज सिगाना, तित्याङलाई बुझाउनेछ ।

(ग) 'कार्यसमिति' भन्नाले विधानको दफा १४ बमोजिमको कार्यसमितिलाई बुझाउनेछ ।

(घ) 'कार्यविधि' भन्नाले "खुलालखड्का बन्धु कल्याणकारी कोष सञ्चालन कार्यविधि, २०७८" लाई बुझाउनेछ ।

(ङ) 'कोष' भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम स्थापना भएको कोषलाई लाई बुझाउनेछ ।

(च) 'कार्यक्रम' भन्नाले यस कार्यविधिमा उल्लिखित कल्याणकारी कार्यक्रम र रोजगारी तथा आयआर्जन कार्यक्रम दुबैलाई बुझाउनेछ ।

(छ) 'व्यवस्थापन समिति' भन्नाले कार्यविधिको दफा १०(२) बमोजिम गठन भएको कोष व्यवस्थापन समितिलाई बुझाउनेछ ।

(ज) 'तीन भाईका खलक' भन्नाले मुल पुरुषदलमर्दन खड्काका जेठा, माइला र कान्छा छोराका सन्ततिहरुलाई बुझाउनेछ ।

४.दूरदृष्टि:

असल, सदाचारी र सभ्य सदस्यहरु भएको खुलाल खड्का समाजको निर्माण गर्ने ।

५.लक्ष्य:

सदस्य परिवारहरु बीच आर्थिक सहयोगको आदान प्रदान तथा सामाजिक कल्याणकारी कार्यक्रमहरु सञ्चालन गरी परस्पर सहयोग र भाइचारामा आधारित स्वावलम्बी समाज निर्माण गर्ने यस कोष स्थापनाको को लक्ष्य हुनेछ । यस लक्ष्य प्राप्तीकोलागि सबै सदस्यहरुले "म हैन हामी भनौं, असल व्यक्ति, सभ्य समाज बनाऔं" भन्ने मूल भावनाका साथ यस नारालाई लिएर क्रियाशील रहने छन् ।

६.उद्धेश्य:

१. कोष स्थापनाको उद्धेश्य देहायबमोजिम हुनेछ :-

(क) समाजका सदस्यहरुबीच आपसी भातृत्व, असल भाइचारा कायम गर्दै सदस्यहरुको चारित्रिक विकास गर्ने ।

(ख) समाजका सदस्यहरुलाई कृषिको आधुनिकीकरण तथा उद्यमशीलताको विकासमा सहयोग गर्दै रोजगारी र आयआर्जनमा सघाउ पुऱ्याउने ।

(ग) प्राकृतिक प्रकोप, रोग व्याधि एवं अन्य विपत्तिमा सहयोग आदान प्रदान गर्ने ।

(घ) परम्परा, कला, संस्कृति, वातावरण संरक्षण र अन्य कल्याणकारी कार्यहरु गर्ने ।

७.कार्यक्रम:

कोषमा संकलित रकमको लगानीबाट प्राप्त हुने व्याज वा प्रतिफलबाट समाजका सदस्य परिवारहरुको आर्थिक सामाजिक आवश्यकता परिपूर्तिका लागि एवं समाजका सदस्यहरुको चारित्रिक तथा नैतिक विकासकालागि सहायकसिद्ध हुने विभिन्न कल्याणकारी कार्यहरु सञ्चालन गरिनेछ । लगानीबाट प्राप्त हुने कुल आम्दानीमध्ये बढीमा पन्ध्र प्रतिशत प्रशासनिक खर्चको लागि छुट्याई बाँकी रकमलाई सत प्रतिशतमानी सोको पचास प्रतिशत रकम कल्याणकारी कार्यमा र बाँकी पचास प्रतिशत रकम सदस्य परिवारहरुको व्यवसायिक प्रवर्द्धन लगायतका रोजगारमूलक र आयआर्जन कार्यक्रममा लगानी गर्नु पर्नेछ । कार्यक्रम सञ्चालन गर्दा दफा ८ मा उल्लेख भए बमोजिमको छनौट विधिको पालना गर्नु पर्नेछ ।

(१) कल्याणकारी कार्यक्रम:

समाजमा तुलनात्मक रुपमा कमजोर आर्थिक अवस्था भएका घर परिवारहरुका गर्भावती महिला, बालबालिका, असक्त, जेष्ठ नागरिक, गम्भीर दीर्घरोगीहरुलाई पोषण लगायतका आवश्यक बस्तुहरुमा पहुँचमा सहयोग पुऱ्याउने तथा समाजका सदस्य परिवारमा आइपर्ने विभिन्न प्राकृतिक प्रकोप, विपत्तिजस्ता घट्नामा उद्धार राहतजस्ता कार्यक्रमहरुमा कोषको अवस्था हेरी विभिन्न सहयोग तथा राहतका कार्यक्रमहरु सञ्चालन गरिने छ । समाजबाट सञ्चालन हुने कल्याणकारी कार्यक्रमहरु दृष्टान्तका रुपमा देहायबमोजिम हुनेछन् । कोषको अवस्था र आवश्यकता हेरी यसमा उल्लेख गरिएबाहेकका थप कार्यक्रम पनि सञ्चालन गर्न बाधा पर्ने छैन ।

**(क) मातृस्वास्थ्य पोषण कार्यक्रम:** गर्भावती महिला तथा एकवर्ष नभएकी सुत्केरी महिलाको लागि पोषण सहायताको लागि एकमुस्ट रु. तीन हजार प्रदान गर्ने ।

(**ख) जेष्ठ नागरिक पोषण कार्यक्रम:** सत्तरी वर्ष नाघेका वृद्धवृद्धालाई पोषण सहायताको लागि एकमुस्ट रु. तीन हजार प्रदान गर्ने ।

(**ग) जेष्ठ एकल महिला सहयोग कार्यक्रम:** साठी वर्ष नाघेकी एकल महिलालाई सहयोग स्वरुप एकमुस्ट रु. तीन हजार **प्रदान गर्ने ।**

**(घ) छोरी शैक्षिक वृति कार्यक्रम:** सामुदायिक विद्यालयमा अध्ययनरत समाजका सदस्य घरपरिवारकी छोरीलाई पठन पाठनमा सहयोग स्वरुप एकमुस्ट रु. तीनहजार प्रदान गर्ने ।

**(ङ) असक्त वृति कार्यक्रम:** समाजका सदस्य घरपरिवारका शारिरीक तथा मानसिक रुपमा असक्त सदस्यलाई दैनिक जीवन निर्वाहमा सहयोग स्वरुप एकमुस्ट रु. तीनहजार प्रदान गर्ने ।

**(च) सहस्रचन्द्रमा दर्शन सम्मान:** आफ्नो जीवनमा एकहजार चन्द्रमा देख्ने अवसर प्राप्त गरेका समाजका सदस्यलाई निजको घरपरिवारले आयोजना गरेको चौरासीपूजाको समारोहमा समाजका तर्फबाट कदरस्वरुप सम्मानपत्र र उपयुक्त जिन्सी उपहार प्रदान गर्ने ।

**(छ) अन्तिम संस्कार राहत:** समाजका सदस्य घरपरिवारमा मृत्युशौच परेको खण्डमा तेह्रौंदिनको संस्कारको समयमा समाजको तर्फबाट समवेदनापत्र सहित राहतस्वरुप रु. तीनहजार काजक्रिया खर्च प्रदान गर्ने ।

**(ज) खानेपानी मुल तथा वातावरण संरक्षण कार्यक्रम:** टोल, घरपरिवारको आवश्यकता, माग तथा सम्भाव्यताको आधारमा खानेपानीका मूल संरक्षण कार्यको लागि कोषको अवस्था हेरी अनुदान दिन सकिनेछ ।

**(झ) प्राकृतिक प्रकोप, विपद राहत कार्यक्रम:** समाजमा आइपर्ने प्राकृतिक प्रकोप, विपदजस्ता घट्नामा तत्काल उद्धार र राहतको लागि केही रकम प्रदान गरिनेछ । यस प्रकारका घट्नाहरुमा, उद्धार, पुनर्स्थापनाका लागि समाजका सदस्यहरुबाट जनश्रमदान समेत सञ्चालन गरिनेछ ।

**(ञ) गम्भीर रोग लागेका व्यक्तिलाई उपचार राहत कार्यक्रम:** समाजका घरपरिवारका कुनै सदस्यलाई क्यान्सर, मृगौला फेल हुने, मुटुरोग जस्ता गम्भीर प्रकृतिका रोग लागि उपचारको लागि धेरै रकम लाग्ने तर सम्बन्धित घरपरिवारबाट त्यस्तो खर्च व्यहोर्न नसकि उपचार नहुने परिस्थिति आइपरेरमा कार्यसमितिले विशेष निर्णय गरि स्वेच्छिक रूपमा सहयोग गर्न समाजका सदस्यहरूलाई आह्वान गर्न सक्ने छ । त्यसरी संकलन हुने रकम सम्बन्धित बिरामीको अवस्था र घरपरिवारको आर्थिक अवस्थाहेरी कार्यसमितिले निर्णयगरि उपयुक्त रकम सम्बन्धित बिरामीको लागि उपचार गर्न हस्तान्तरण गर्ने र बचत हुने रकम पुन: पर्न आउने त्यस्तै प्रकारका उपचार वा कल्याणकारी कार्यमा लगाउन सकिनेछ ।

(२) रोजगारी तथा आयआर्जन कार्यक्रम:

स्थानीय सीप, श्रोत र साधनको उपयोग, कला, संस्कृतिको विकासजस्ता कार्यमा समाजका सदस्यहरुलाई प्रोत्साहित गरी उनीहरुको रोजगारीमा अभिवृद्धि र आयआर्जनमा टेवा पुऱ्याउने हेतुले व्यवसायिक प्रर्वद्धन कार्यक्रमका लागि कोषमा संकलित रकमबाट निश्चित समय तोकी समसामयिक व्याजादरमा समाजका सदस्य परिवारहरुलाई ऋण सुविधा उपलब्ध गराइने छ । यस्ता कार्यक्रमहरुमा ऋण प्रदान गर्दा व्यक्ति तर्फ रु. पाँचहजार देखि एकलाख रुपैयाँसम्म र पाँच जनाको समूहमा एकलाख देखि बढीमा पाँचलाख सम्म ऋण प्रदान गरिने छ । ऋणको अवधि छ महिना देखि दुई वर्षसम्मको हुनेछ । ऋणमा लिइने व्याजदर वार्षिक रुपमा कार्यसमितिले निर्धारण गरेबमोजिम हुनेछ । तर ब्याज रकमको भुक्तानी प्रत्येक छ/छ महिनामा गर्दै जानुपर्नेछ । यस अन्तर्गत ऋण प्रदान गरिने कार्यक्रमहरु देहायबमोजिम हुनेछन:-

(क) कुखुरा हाँस, लौकाट, टर्की,बट्टाई तथा अन्य चराचुरुङ्गी पालन तथा माछा पालन,

(ख) भेडा, बाख्रा पालन,

(ग) गाइभैँसी पालन,

(घ) च्याऊ खेती, तरकारी तथा फलफूल खेती

(ङ) सिलाई बुनाई सञ्चालन तथा व्ययुटिसियन

(च) होटेल तथा व्यापार व्यवसाय

(छ) जुस तथा अचार बनाउने व्यवसाय

(ज) गीत संगीतको एल्बम निकाल्ने, अध्ययन, तथा विभिन्न सीपमुलक तालीम कार्यक्रम

## ८. छनौट विधिः

कल्याणकारी कार्यक्रमको लागि कोष व्यवस्थापन समितिले देहायको उपदफा (१) देखि (७) सम्म उल्लिखित प्रकृयाको आधारमा व्यक्ति तथा समूहको छनौट गरि कार्यसमिति समक्ष सिफारिस गर्नु पर्नेछ। सो सिफारिस उपर कार्यसमितिले छलफल गरि छनौटको अन्तिम निर्णय गर्नेछ । रोजगारी तथा आयआर्जन कार्यक्रमको लागि आवेदक व्यक्ति तथा समूहको छनौट गर्दा व्यवस्थापन समितिले उपदफा (८) को आधारमा छनौट गरी लगानी गर्न सक्नेछ । तर सोको विवरण प्रत्येक महिना कार्यसमितिमा पेश गर्नु पर्नेछ ।

(१) मातृस्वास्थ्य पोषण कार्यक्रममा लक्षित महिला छनौट गर्दा देहायबमोजिम गरिनेछः-

(क) प्रत्येक वर्ष वैशाख १ गतेदेखि सोही वर्षको चैत्रमसान्तसम्म गर्भावती भएका वा सुत्केरी भएको छ महिना नपुगेका महिला ।

(ख) परिवारको आर्थिक हैसियत कमजोर भएको ।

(ग) गर्भावती रहेको अवस्था वा सुत्केरी अवस्थामा पतिको मृत्यु भएका एकल महिला ।

(घ) तीनजना वा सोभन्दा बढी महिलाहरुको छनौट गर्नु पर्ने अवस्थामा तीन भाईका सन्ततीहरुबीच समानुपातिक रुपमा अवसर पाउनेगरी छनौट गर्ने ।

(२) जेष्ठ नागरिक पोषण कार्यक्रमा सहयोग प्रदान गर्न देहायबमोजिमका महिला वा पुरुषको छनौट गरिनेछः-

(क) उमेर सत्तरी वर्ष नाघेका वृद्धवृद्धा हुनु पर्ने ।

(ख) परिवारको आर्थिक हैसियत कमजोर भएको ।

(ग) तीनजना वा सोभन्दा बढी वृद्धवृद्धाहरुको छनौट गर्नु पर्ने अवस्थामा तीन भाईका सन्ततीहरुबीच समानुपातिक रुपमा अवसर पाउनेगरी छनौट गर्ने ।

(घ) भरसक पुरुष र महिलाले समान अवसर पाउनेगरी छनौट गर्ने ।

(३) जेष्ठ एकल महिला सहयोग कार्यक्रममा सहयोग प्रदान गर्न देहायबमोजिमका महिला छनौट गरिनेछः-

(क) उमेर साठी वर्ष नाघेका एकल महिला हुनु पर्ने ।

(ख) परिवारको आर्थिक हैसियत कमजोर भएको ।

(ग) तीनजना वा सोभन्दा बढी महिलाहरुको छनौट गर्नु पर्ने अवस्थामा तीन भाईका सन्ततीहरुबीच समानुपातिक रुपमा अवसर पाउनेगरी छनौट गर्ने ।

(४) छोरी शैक्षिक वृति कार्यक्रममा सहयोग प्रदान गर्न देहायबमोजिमका बालिका छनौट गरिनेछः-

(क) सामुदायिक विद्यालयको कक्षा १ देखि १० सम्म अध्ययन गर्ने बालिका हुनु पर्ने ।

(ख) परिवारको आर्थिक हैसियत कमजोर भएको ।

(ग) तीनजना वा सोभन्दा बढी बालिकाहरुको छनौट गर्नु पर्ने अवस्थामा तीन भाईका सन्ततीहरुबीच समानुपातिक रुपमा अवसर पाउनेगरी छनौट गर्ने ।

(५) असक्त वृति कार्यक्रममा सहयोग प्रदान गर्न देहायबमोजिमका असक्त व्यक्ति छनौट गरिनेछः-

(क) शारीरिक वा मानसिक रुपमा असक्त भएको व्यक्ति हुनु पर्ने ।

(ख) परिवारको आर्थिक हैसियत कमजोर भएको ।

(ग) तीनजना वा सोभन्दा बढी असक्तहरुको छनौट गर्नु पर्ने अवस्थामा तीन भाईका सन्ततीहरुबीच समानुपातिक रुपमा अवसर पाउनेगरी छनौट गर्ने ।

(घ) भरसक पुरुष र महिलाले समान अवसर पाउनेगरी छनौट गर्ने ।

(६) अन्तिम संस्कारमा राहत सहयोग प्रदान गर्दा देहायबमोजिम गरिनेछः-

(क) तेह्रौं दिनसम्म काजक्रिया गर्नु पर्ने समाजका परिवारका कुनै सदस्यको मृत्यु भएको अवस्थामा सो अवधिभित्र समवेदनापत्र सहित मृतकको घरदैलोमा उपस्थित भई तोकिएको राहत रकम प्रदान गर्ने ।

(७) खानेपानी मूल तथा वातावरण संरक्षण कार्यक्रम र प्राकृतिक प्रकोप, विपद राहत कार्यक्रम अन्तर्गत कार्यक्रम छनौट गर्दा टोल समाजको आवश्यकता एवं टोल समाजमा आइपर्ने प्राकृतिक प्रकोप, विपदजस्ता घट्ना घटेमा संभाव्यता, खर्चको अनुमान र कोषको अवस्था हेरी कार्यक्रम छनौट गरी कार्यसमितिको निर्णयअनुसार रकम उपलब्ध गराइने छ ।

(८) रोजगारी तथा आयआर्जन कार्यक्रमको लागि आवेदकले पेश गरेको निवेदन कोष व्यवस्थापन समितिले देहायको आधारमा निवेदक सँग छलफल गरी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछः-

(क) आफूले सुरु गरेको वा सुरुगर्न लागेको व्यवसायको नाम र सो सम्बन्धी विवरण खुलाएको निवेदन।

(ख) कार्यक्रमको लागि लाग्ने कूल खर्च।

(ग) समाजबाट लिन चाहेको ऋणको रकम र नपुग बजेट कसरी जुटाउने हो सो को विवरण ।

(घ) सो व्यवसाय सम्बन्धमा के कस्तो ज्ञान छ, वा छैन ।

(ङ) उत्पादन बिक्री गर्न बजार व्यवस्था कसरी गर्ने हो ।

(च) ऋण कति अवधिको लागि लिने हो ।

(च) व्यक्तिगत ऋण भए समाजका दुई जना सदस्य जमानी हुनु पर्नेछ, समूहमा भए तीनजना समाजका सदस्य जमानी राख्नु पर्नेछ ।

९. कोष संकलनः

कोषको संकलन गर्दा सहभागिता, व्यापकता, स्वतःस्फूर्तता, स्वेच्छिकता, मितव्ययीजस्ता अवधारणालाई आत्मसात गरी समाजका सबै सदस्यहरुबाट यथाशक्य योगदान होस् भन्ने ध्येये अनुरुप "शीत उठाई घैला भर्ने" रणनीति लिइएनेछ। यस बाहेक समाजका सदस्य नरहेका सरकारी तथा गैरसरकारी निकायहरु, संस्था तथा व्यक्तिहरुबाट समेत कोषमा रकम संकलन गर्न प्रयत्न गरिनेछ। मूलतः कोषमा देहायबमोजिम रकम संकलन गरिनेछः-

१. **पितृ स्मृति सहभागिताः** हामीहरु हिन्दु संस्कारका अनुयायी हौं। मूलतः हामी यहलोक परलोकमा विश्वास गर्दछौं। प्रत्येक घरपरिवारको मूलीले आफ्ना दिवंगत पिता माताको संझनामा मृत्यु तिथि र सोह्रश्राद्धमा पितृलाई तर्पण दिन्छौं। एकवर्षमा एक घरपरिवारले दिवंगत बाबुको मृत्युतिथि, दिवंगत आमाको मृत्युतिथि, (यदि आमा जीवितै भए उहाँले आफ्ना सासु, ससुराको मृत्युतिथि) र आश्विन कृष्णपक्ष, जसलाई पितृपक्ष वा सोह्रश्राद्ध पनि भनिन्छ, सो अवधिमा एक पटकगरि वर्षदिनमा तीन पटक पितृलाई पिण्ड, तर्पण प्रदान गरिन्छ। यसैको संझनास्वरुप प्रत्येक घरपरिवारले आफ्ना पितृको श्राद्धको तिथिको दिन कोषको लागि एकमुष्ट रु. २००/- (अक्षरुपि दुईसय मात्र) सहभागितास्वरुप योगदान गर्ने।

२. **जन्मोत्सव सहभागिताः** प्रत्येक घरपरिवारमा जन्मलिने शिशुको सुस्वास्थ्य र कल्याणको लागि शिशुको न्वारानको दिनमा कुलपितृको नाममा रु. १००/- (अक्षरुपि एकसय मात्र) योगदान गर्ने।

३. **ब्रतवन्ध उत्सव सहभागिताः** प्रत्येक घरपरिवारमा किशोरको यज्ञोपवित कर्म अर्थात् ब्रतवन्धको अवसरमा कुलपितृको नाममा रु. ५००/- (अक्षरुपि पाँचसय मात्र) योगदान गर्ने।

४. **विवाह उत्सव सहभागिताः** प्रत्येक घरपरिवारमा छोरा वा छोरीको विवाहको अवसरमा कुलपितृको नाममा रु. १०००/- (अक्षरुपि एकहजार मात्र) योगदान गर्ने।

५. **सहस्रचन्द्रमा दर्शन उत्सव सहभागिताः** जीवनकालमा हजारचन्द्रमा दर्शन गरेको खुशियालीमा आयोजना गरिने चौरासीपूजाको अवसरमा कुलपितृको नाममा रु. १०००/- (अक्षरुपि एकहजार मात्र) योगदान गर्ने।

६. **बधाईज्ञापन कार्यक्रमः** समाजका सदस्य घरपरिवारका सदस्यहरु स्वदेश तथा विदेशका सरकारी, निजी, तथा गैरसरकारी क्षेत्रमा सेवारत रहँदा उनीहरुको सोही निकायमा बढुवा (प्रमोसन) भई घरमा आउँदाको समयमा निजहरुको सम्मानमा समाजले स्वागत कार्यक्रम आयोजना गर्ने। सो खुशियालीमा निज सम्मानित व्यक्तित्वले समेत कुलपितृको नाममा रु.२०००/-(अक्षरुपि दुईहजार मात्र) योगदान गर्ने।

७. **जन्मोत्सव योगदानः** समाजका सदस्य परिवारहरुले आजभोलि कुनै न कुनै रुपमा आफ्ना सन्ततिहरुको जन्मोत्सव मनाउने प्रचलन बढ्दै आएको छ। सो अवसरमा सानो तिनो खर्चहरु जस्तै केक काट्ने, मिठाई बाँड्ने, मिष्टान्न भोजनहरु खाने लगाएत जन्मदिन परेको व्यक्तिलाई आफन्तहरुले उपहार दिनेजस्ता कार्यहुने गरेका छन्। यस्ता कार्यक्रमलाई मितव्ययी बनाई कम खर्चिलो बनाउने र जसको जन्मदिन परेको छ, उसको सुस्वास्थ्य, दीर्घायु र प्रगतिकोलागि कुल पितृसँग आशिरबात माग्दै जन्मदिनको दिन स्वच्छापूर्वक कम्तीमा रु.एक सय खड्का समाजको कोषमा योगदान गर्ने। साथै जन्मोत्सव मनाउँदा बलिरहेको ममबत्ति लाई निभाउने कार्य नगरी सोको सट्टा तेल वा घिउको दियो बालेर शुभकामना दिन उपयुक्त हुन्छ। किनकि हाम्रो संस्कृति बत्तिलाई अग्नी देवताको प्रतीकको रुपमा मानेर कुनै पनि शुभकार्य गर्दा साँक्षीको रुपमा आव्हान गरी पूजा गर्ने, धुप दिने हो। निभाउने परम्परा हैन। त्यसैले सबै परिबारले यस्ता कार्यलाई दुरुत्साहन गर्ने।

८. **जन्मभूमि स्वागत कार्यक्रमः** मुलथलो सिगाना तित्याङ बाग्लुङबाट अध्ययन तथा रोजगारीको सिलसिलामा भारत, वेलायत, जापान, अष्ट्रेलिया, युरोपियन मुलुकहरु, अमेरिका, खाडीक्षेत्रका मुलुकहरु एवं डि.भि., ग्रीन कार्ड, वा आवाशीय भिसा प्राप्तगरी विदेशीभूमिमा गएका खुलालखड्का समाजका घरपरिवारका सदस्य जन्मथलोमा आउँदा समाजको तर्फबाट निजहरुको अनुभव आदान-प्रदान, बन्धुहरुबीच परिचय लगायतका उद्धेश्य सहित स्वागत कार्यक्रमको आयोजना गर्ने। सो अवसरमा कूलपितृको स्मृति तथा खुलाल खड्का

बन्धुहरुको उत्थान र विकासका लागि खड्का समाजले अघि सारेका कार्यक्रमहरुलाई टेवा पुऱ्याउन निजहरुबाट स्वेच्छिक रुपमा नगद तथा जिन्सीरुपमा आर्थिक तथा भौतिक सहयोगको अपेक्षा गर्ने ।

९. खुलाल खड्का समाजका सदस्य घरपरिवारका सदस्यहरुबाट समय समयमा स्वेच्छिक सहयोग स्वरुप आर्थिक तथा जिन्सी सहयोग प्रदान गर्न सक्ने ।

१०. खुलाल खड्का समाजका सदस्य घरपरिवार बाहेकका अन्य छिमेकी समुदाय, सरकारी वा गैरसरकारी निकाय, संघ, संस्थाआदिबाट खुलाल खड्का समाजले अघि सारेका कार्यक्रम वा भविष्यमा अघिसार्ने कार्यहरुका लागि कुनै अमूक काम वा कार्यक्रम उल्लेख गरि वा नगरि स्वेच्छिक रुपबाट, चन्दा, सहयोग स्वरुप नगद तथा जिन्सी अनुदान सहयोग दिन सक्नेछन ।

## १०. कोष व्यवस्थापनः

१.कोषमा आम्दानी तथा खर्च व्यवस्थाः

"खुलालखड्का बन्धु कल्याणकारी कोष" को नाममा प्राप्त हुने सबै नगद आम्दानी कार्यसमितिले निर्णय गरी "खुलालखड्का बन्धु कल्याणकारी कोष" को नामबाट नजिकको बैंक तथा वित्तीय संस्थामा (सहकारीसमेत) छुट्टै बचत खाता खोलि जम्मा गरिनेछ । सो खातामा यस कार्यविधिको दफा ९ बमोजिम विभिन्न सहभागिता वापत प्राप्त रकम र चन्दाबाट प्राप्त हुन आएको रकमलाई मूलधनको रुपमा छुट्टै हिसाब र सो मूलधनबाट प्राप्त हुने बैंकको व्याजरकम, तथा विभिन्न आय आर्जनमा ऋण लगानी गरेको रकमबाट प्राप्त व्याज रकम र अक्षयकोष वा मुद्धती खातामा जम्मा भएको रकमबाट प्राप्त हुने व्याज रकम समेत छुट्टाछुट्टै देखिने गरी हिसाव राख्नु पर्नेछ । यस बमोजिमको मूल बचत खाता बाहेक कार्यसमितिले निर्णय गरी अर्को बचतखाता (ऋण लगानीको लागि) र ऋण लगानी नभई बचत खातामा बाँकी रहिरहेको रकमलाई बैंक वा वित्तीयसंस्थाको विश्वसनीयता हेरी तुलनात्मक रुपमा बढी व्याज प्राप्त हुने गरी मुद्धती खातामा जम्मा गरिनेछ । यस प्रकार कल्याणकारी कार्यमा रकम खर्च गर्दा माथि उल्लेखभएका विभिन्न स्किम अनुसार प्राप्त हुन आएको रकमलाई मूलधनको रुपमा लिई यो रकमबाट कुनै पनि प्रकारको खर्च गरिने छैन । कल्याणकारी कार्यमा रकम खर्च गर्दा मूलधनलाई ऋण लगानी, मुद्धती खातामा व्याज लगानी एवं बचत खाताबाट प्राप्त हुने व्याज रकम प्राप्त हुनेगरी लगानी गरिनेछ । यसरी सबै लगानीबाट प्राप्त हुन आउने प्रतिफलको जम्मा रकमललाई खर्चयोग्य आम्दानी मानिने छ । सो खर्चयोग्य रकमको बढीमा पन्ध्र प्रतिशत प्रशासनीक खर्चमा लगाई, सो बाट बाँकी रहने रकममध्ये पचास प्रतिशत कल्याणकारी कार्यहरुको लागि छुट्टयाई खर्च गर्ने र यस पछि बाँकी रहन आउने अर्को पचास प्रतिशत रकम पुनः मूलधनमा नै जोडी आयआर्जन तर्फ ऋण लगानी गर्ने वा मुद्धती खातामा थप गरी राख्ने व्यवस्था गर्नु पर्नेछ । यसरी मूलधनलाई खर्च नगरी सोको प्रतिफलबाट हुने आम्दानीबाट मात्र आंशिक रुपमा खर्च गर्दै बाँकी रकम पुनः लगानीतर्फ छुट्टायाउँदै जाँदा प्रत्येक वर्ष मूलधनमा वृद्धि हुँदै जानेछ । यसबाट भविष्यमा कल्याणकारी कार्यको क्षेत्र र लगानीको दायरा दुबै वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ ।

२. कोषमा आम्दानी हुन आउने रकम व्यवस्थितरुपमा आम्दानी खर्च गर्ने कार्यको लागि देहायबमोजिम कोष व्यवस्थापन समितिको गठन हुनेछः-

| | |
|---|---|
| (क) कार्यसमितिले मनोनयन गरेको एक जना उपाध्यक्ष | संयोजक |
| (ख) कार्यसमितिको कोषाध्यक्ष | कोषाध्यक्ष |
| (ग)कार्यसमिति को एक जना महिला सदस्य समेत अर्को एक जना सदस्यगरी दुईजना | सदस्य |
| (घ)कार्यसमितिको सदस्य-सचिव | सदस्य-सचिव |

३. कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) यस कार्यविधिमा उल्लेख भए अनुसारको सहभागिता रकम संकलनका लागि सदस्य घरपरिवारबाट रकम संकलन गर्न भेक, टोल मिलाई कार्यसमितिका सदस्यहरुलाई रसिद उपलब्ध गराउने ।

(ख) सदस्यहरुबाट रसिद बमोजिम संकलन भएको रकमको प्रत्येक महिनामा विवरण र रकम लिई बैंक दाखिला गर्ने गराउने ।

(ग) बैंक खाताहरुको व्यवस्थापन गर्ने र सोको नियमानुसार लेखा राख्ने ।

(घ) कार्यविधिको दफा ७ (१) मा उल्लिखित कल्याणकारी कार्यक्रमको लागि कोषमा भएको आर्जन अनुसार प्रत्येक वर्ष कुन कार्यक्रमको लागि कति जना व्यक्तिलाई सहयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा आँकलन गरी कार्यसमितिमा सिफारिस गर्ने र कार्यसमितिको स्वीकृति भएमा सो अनुसार सहयोग रकम उपलब्ध गराउन दफा ८ को उपदफा (१) देखि (५) बमोजिम लक्षित व्यक्तिको छनौट गरी स्वीकृतिको लागि कार्यसमितिमा पेश गर्ने । उपदफा (७) बमोजिमको अन्तिम संस्कार राहत कार्यक्रम अन्तर्गत मृतक सबै घरपरिवारलाई प्रदान गरिने भएको हुँदा व्यवस्थापन समितिले कार्यसमितिसँग समन्वय गरी कार्य सम्पादन गर्नेछ ।

(ङ) कार्यविधिको दफा ७ (२) मा उल्लिखित रोजगारी तथा आयआर्जन कार्यक्रमको लागि ऋण लिन चाहने समाजका सदस्यहरुको निवेदन उपर दफा ८ को उपदफा (८) बमोजिम विवरण लिई निवेदकसँग छलफल गरी ऋण स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्ने र लगानीसम्बन्धी आवश्यक अन्य कार्य सम्पादन गर्ने ।

(च) कुनै कार्यक्रमको लागि ऋण लिएको व्यक्तिले सोही प्रयोजनको लागि रकमको उपयोग गरेको छ, छैन ? अनुगमन गर्ने, समयबद्ध रुपमा ऋणको व्याज तथा साँवा असूल गर्ने ।

(छ) कोषको नियमानुसार लेखा राख्ने र लेखापरीक्षण गराउने, लेखापरिक्षणबाट देखिएका बेरुजुहरु उपर कारबाही गरी कार्यसमितिमा पेश गरी फरफारक गर्ने, गराउने । लेखा राख्ने प्रयोजनको लागि प्रत्येक वर्ष साउन १ गतेदेखि अर्को वर्षको असार मसान्तलाई एक आर्थिक वर्षको रुपमा लिई लेखाङ्कन गर्नुपर्नेछ ।

(ज) कोषको कार्यसञ्चालनका लागि रसिद छपाउने लगायतका अन्य आवश्यक प्रशासनीक कार्य गर्ने गराउने ।

३. खाता सञ्चालन व्यवस्था:

बैंक तथा वित्तीय संस्थामा खोलिएका खाताको खाता सञ्चालन संयोजक वा कोषाध्यक्ष मध्ये कुनै एक जना र सदस्य-सचिव गरी दुईजनाको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

४. लेखापरीक्षण व्यवस्था:

कोषको आम्दानी खर्चको लेखाको प्रत्येक वर्ष नियमानुसार रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गर्नु गराउनु पर्नेछ ।

## ११. आचरणगत व्यबहार:

"असल, सदाचारी र सभ्य सदस्यहरु भएको खुलाल खड्का समाजको निर्माण गर्ने" दूरदृष्टि लिएका खुलाल खड्का समाजका प्रत्येक सदस्यहरुले "म हैन हामी भनौं, असल व्यक्ति, सभ्य समाज बनाऔं" भन्ने नाराका साथ/भावनाका साथ आफ्ना दैनन्दिन व्यवहार गर्दा देहायबमोजिम आचरणगत भावनालाई आत्मसात गरि एक अर्काका लागि उदाहरणीय बन्नेछन् ।

(१) सात्विक आहार, शिष्ट बचन र साधारण जीवनशैली अनुसरण गर्ने ।

(२) रिस, राग, क्रोध, मोह, मात्सर्यजस्ता अवगुणहरुको परित्याग गरी माया, ममता, त्याग, धैर्यता, उपकारजस्ता सद्गुणहरुको अवलम्बन गर्ने ।

(३) कुनै पनि विषयमा तर्क वितर्क गर्ने, तर शान्तभावमा अनुमति लिएर आफ्नो पालो लिएर मात्र बोल्ने बानी बसाल्ने।

(४) थोरै बोल्ने धेरै सुन्ने बानी बसाल्ने।

(६) सामाजिक व्यबहार, संस्कार परिपालना गर्दा अहंकार, तडकभडक नदेखाई सदाचारी र मीतव्ययी बन्ने।

(७) प्रत्येक व्यक्तिगत, सामाजिक काम कारबाही गर्दा स्वास्थ्यमा र वाताबरणमा  खराब असर पार्ने कार्य नगर्ने।

(८) ठुलोमान्छे हैन असल मान्छे बन्ने प्रयास गर्ने।

(९) बालबच्चालाई असल शिक्षा दिने र नैतिकताको अनुसरण गराउने विषयमा सँधै ख्याल गर्ने।

(१०) जातीय विभेद, लैङ्गिक विभेदलाई निरुत्साहित गर्ने, अन्त्य गर्ने।

(११) परिश्रम गर्ने, धन कमाउन प्रयत्न गर्ने, तर नैतिकता र इमान्दारितालाई हरपल ख्याल गर्ने।

(१२) अतिथिको सत्कार गर्ने, सँधै मैले के पाऊँछु भन्ने भन्दा पनि मेरो भूमिका के हुन्छ? मैले के योगदान गर्न सक्छु? भन्ने कर्तव्यमयी र उपकारी भावनाले ओतप्रोत रहने।

(१३) जननी, जन्मभूमि र स्वदेशप्रति सदैब नतमस्तक हुने,माटोको सदा माया गर्ने।

## (१२) कार्यविधि लागु हुने :

यो कार्यविधि खड्का समाज सिगाना, तित्याङले निर्णय गरेका मितिदेखि लागु हुनेछ। तर प्रस्तुत कार्यविधि लागु भएपछि आयोजना हुने समाजको साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

## (१३) संशोधनः

यस कार्यविधि कार्यान्वयन क्रममा केही कुरा थप, घट गर्नु पर्ने आवश्यकता भएमा कार्यसमितिको निर्णय अनुसार संशोधन गर्नुपर्नेछ।